**चीनसँग सीमा जोडिएका जिल्लाका नेपाली नागरिकहरुलाई चीन आवागमन (Entry/Exit) अनुमतिपत्र (प्रवेश पास) उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१**

चीनसँग सीमाना जोडिएका जिल्लाका नागरिकहरुलाई चीनको स्वशासित क्षेत्र तिब्बतको निश्चित भूभागसम्म निर्वाध ओहोरदोहोर गर्न दिने सम्बन्धमा नेपाल र चीनबीच विगतमा भएका द्विपक्षीय सम्झौताअनुरुप चीन आवागमन (Entry/Exit) कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले अध्यागमन नियमावली, २०५१ को नियम ४४(क) ले दिएको अधिकार प्रयोग गरी गृह मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः (१)** यो कार्यविधिको नाम "चीनसँग सीमा जोडिएका जिल्लाका नेपाली नागरिकहरुलाई चीन आवागमन (Entry/Exit) अनुमतिपत्र (प्रवेश पास) उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) *'मन्त्रालय'* भन्नाले गृह मन्त्रालय सम्झनुपर्दछ ।

(ख) *'विभाग'* भन्नाले अध्यागमन विभाग सम्झनुपर्दछ ।

(ग) *'जिल्ला प्रशासन कार्यालय'* भन्नाले चीनको स्वाशासित क्षेत्र तिब्बतसँग सीमाना जोडिएका जिल्लाका जिल्ला प्रशासन कार्यालय सम्झनुपर्दछ ।

(घ) *'अध्यागमन कार्यालय'* भन्नाले चीनको स्वाशासित क्षेत्र तिब्बतसँग सीमाना जोडिएका जिल्लाहरुमा रहेका अध्यागमन विभाग अन्तर्गतका अध्यागमन कार्यालयहरु सम्झनुपर्दछ ।

(ङ) *'कार्यालय' भन्नाले अध्यागमन कार्यालय भएको जिल्लाका हकमा अध्यागमन कार्यालय र अध्यागमन कार्यालय नभएको हकमा जिल्ला प्रशासन कार्यालयलाई सम्झनु पर्दछ ।*

(च) *'नागरिक' भन्नाले चीनसँग सिमाना जोडिएका जिल्लामा बसोबास गरी नेपाली नागरिकता प्राप्त व्यक्ति सम्झनुपर्छ ।सो शब्दले निजहरुका नाबालक सन्तान समेतलाई जनाउनेछ ।*

(छ) *'अनुमतिपत्र' भन्नाले* चीनको स्वाशासित क्षेत्र तिब्बतसँग सीमाना जोडिएका जिल्लाका नागरिकलाई चीनतर्फ जान र नेपालद*आवागमन (Entry-Exit) गर्न यस कार्यविधिबमोजिम जारी गरिएको अनुमतिपत्र (प्रवेश पास) लाई सम्झनु पर्दछ।*

## परिच्छेद -२

**३. अनुमतिपत्र प्राप्त गर्न योग्य व्यक्तिहरूः-** (१) अनुसूची-१ बमोजिमको जिल्लामा बसोबास गर्ने देहायका व्यक्तिहरू प्रवेश अनुमतिपत्र प्राप्त गर्न योग्य हुनेछन्।

(क) सम्बन्धित जिल्लाका नेपालको नागरिकता प्राप्त नागरिकहरू,

(ख) निजका नाबालक सन्तानहरू

(ग) सम्बन्धित जिल्लाका नागरिकसँग विवाह सम्बन्ध भई स्थायी बसोबास गरेका नागरिकहरू, यस प्रयोजनको लागि विवाह दर्ता अनिवार्य हुनेछ।

(घ) अन्य जिल्लाबाट बसाइँसराइ गरी सम्बन्धित जिल्लामा बसोबास गरेका नागरिकहरू

(२) निवेदनसाथ पेश भएका कागजातहरु सही छन् भनी सम्बन्धित व्यक्तिले स्वयं घोषणा गर्नु पर्नेछ ।

(३) अनुसूची १ मा रहेका जिल्लाबाट नागरिकता प्राप्त गरेका व्यक्तिहरु विवाह वा बसाईं सरी अन्यत्र गएका खण्डमा निजलाई यस्तो अनुमतिपत्र प्रदान गरिने छैन ।

(४) जुन जिल्लाबाट अनुमतिपत्र प्राप्त भएको छ सो बाहेकको जिल्लाबाट आवतजावतका लागि यो अनुमतिपत्र मान्य हुनेछैन ।

## परिच्छेद -३

**४.अनुमतिपत्र प्राप्त गर्ने प्रक्रिया र आवश्यक कागजातहरु :** (१) अनुमतिपत्र प्राप्त गर्नका लागि अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन अनलाईन मार्फत् पेश गर्नुपर्नेछ।

(२) निवेदन साथ देहायका कागजातहरू संलग्न गर्नुपर्नेछः-

(क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस

(ग) बसाइँसराइ गरी आएको भए बसाइँसराइ प्रमाणपत्र

(घ) विवाह गरी आउनेको हकमा विवाहदर्ता प्रमाणपत्र

(ङ) नाबालकको हकमा जन्मदर्ता/नाबालक परिचयपत्र

(च) पासपोर्ट साइजको फोटो

(३) अनलाइन निवेदन पेश गरेपश्चात् ९ डिजिटको Alpha Numeric Code प्राप्त हुनेछ ।यस्तो नम्बरको पहिलो अक्षर P बाट शुरु हुनेछ । त्यसपछि CMIS (Citizen Management Information System) मा भएको जिल्ला कोड र अन्त्यमा ६ डिजिटको कोड Incremental Basis मा आफै सिर्जित (Generate) हुनेछ । उक्त कोड लिई व्यक्ति स्वयं कार्यालयमा उपस्थित हुनुपर्नेछ ।

(४) ID submission कोडसहित व्यक्ति स्वयम् कार्यालयमा उपस्थित भई जैविक (Biometric) विवरण र हस्ताक्षर उपलब्ध गराउनु पर्नेछ। अनलाईन मार्फत् प्राप्त आवेदन कार्यालयले रुजु गरी स्वीकृत गर्न सक्नेछ।

**५. अनुमतिपत्र जारी गर्ने निकाय र पदाधिकारीः-** (१) अध्यागमन कार्यालय भएका जिल्लाको हकमा अनुसूची-३ बमोजिमको अध्यागमन कार्यालयबाट र अन्य जिल्लाको हकमा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयबाट अनुसूची-४ बमोजिमको अनुमतिपत्र जारी हुनेछ।

(२) जिल्ला प्रशासन कार्यालयको हकमा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकारी र अध्यागमन कार्यालयको हकमा सम्बन्धित कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारीबाट अनुमतिपत्र जारी हुनेछ।

(३) यो अनुमतिपत्र अहस्तान्तरणीय हुनेछ र सम्बन्धित व्यक्ति बाहेक अरुले प्रयोग गर्न पाउने छैन ।

(४) यस्तो अनुमतिपत्र जारी भएको मितिले ५ (पाँच) वर्षसम्म मान्य हुनेछ। यस्तो अवधि समाप्त भएपछि पुनः आवेदन दिई नयाँ अनुमतिपत्र लिनु पर्नेछ।

**६. प्रतिलिपि प्राप्त गर्ने विधिः** (१) अनुमतिपत्र हराइ वा अन्य कारणले नाश भई प्रतिलिपि लिनु परेमा वडाको सिफारिस र नागरिकताको प्रतिलिपिसहित प्रतिलिपि प्राप्त गर्न अनुसूची ५ बमोजिमको अनलाईन निवेदन पेश गर्नु पर्नेछ।

(२) अनुमतिपत्रको मान्य अवधि कायम रहेकै अवस्थामा मात्र प्रतिलिपि बनाउन सकिनेछ । यसरी जारी भएको अनुमति सक्कल अनुमतिपत्र मान्य हुने अवधिसम्म मात्र कायम रहनेछ ।

## परिच्छेद -४

**७. अभिलेख व्यवस्थापन :-** (१) यस कार्यविधिबमोजिम जारी गरिने सम्पूर्ण अनुमतिपत्रहरुको अभिलेख विभागको अध्यागमन सूचना प्रणाली मार्फत् व्यवस्थापन हुनेछ।

(२) तयार भएको अनुमतिपत्र निज स्वयं उपस्थित भै बुझ्नु पर्नेछ । निज उपस्थित हुन नसक्ने मनासिब कारण भएमा एकाघरका परिवारले पनि निवेदन सहित पेश भएमा निजलाई विवरण राखी उपलब्ध गराउन सकिनेछ ।

(३) अनुमतिपत्र वाहकको विवरण स्पष्ट रुपमा लिन सक्नेगरी अभिलेख व्यवस्थापन गर्नुपर्नेछ।

(४) उपलब्ध गराउने अनुमतिपत्रको नमूना अनुमतिपत्र जारी गर्ने निकायले चिनियाँ पक्षलाई समेत जानकारी गराउने छ।

## परिच्छेद -५

**८. विविधः-** (१) अनुमतिपत्र उपलब्ध गराउने कार्यमा कुनै द्विविधा वा समस्या उत्पन्न भएमा अध्यागमन विभागको निर्देशन अनुसार समाधान गर्नु गराउनु पर्नेछ ।

(२) पेश गरेका कागजातहरु वैध नभएमा वा शंकास्पद भएमा अनुमतिपत्रको आवेदकलाई अलग्गै राखी अनुसन्धान प्रक्रिया अघि बढाइने र निजलाई अनुमतिपत्र उपलब्ध नगराई प्रचलित कानून अनुसार कारवाही गरिनेछ।

(३) गलत विवरण पेश गरी अनुमतिपत्र प्राप्त गरेको पाइएमा सो अनुमतिपत्र जारी गर्ने निकायले रद्द गरी निजलाई प्रचलित कानूनबमोजिम कारवाही गरिनेछ।

(४) प्रवेश पासलाई व्यवस्थित बनाउन र सहज आवागमनका लागि अध्यागमन कार्यालयले प्रमुख जिल्ला अधिकारीसँग आवश्यक समन्वय गर्नुपर्नेछ ।

(५) परिचयपत्र जारी गर्न आवश्यक पर्ने कार्ड तथा कम्प्युटर लगायतका सामग्रीहरु मन्त्रालयले उपलब्ध गराउनेछ । साथै अनलाइन अपरेटिङ्ग सिस्टम सम्बन्धमा मन्त्रालय र विभागले सबै कार्यालयलाई आवश्यक तालिम प्रदान गर्नेछ ।

## परिच्छेद -६

**९. खारेजी र बचाउः-** (१) प्रवेश पासलाई व्यवस्थित गर्ने सम्बन्धमा साविकमा जारी भई प्रचलनमा रहेका कार्यविधि/कार्ययोजना/आदेश स्वतः खारेज हुनेछ।

(२) यस अघि सम्बन्धित अध्यागमन तथा जिल्ला प्रशासन कार्यालयबाट जारी भएका प्रवेश पास यसै कार्यविधि बमोजिम जारी भएको मानिनेछ। साविकमा जारी भई हाल प्रयोगमा रहेका प्रवेश पासहरुलाई मान्य अवधिसम्म कायम राखी प्रयोग गर्न सकिनेछ।

## अनुसूची- १

**चीनसँग सीमाना जोडिएका जिल्लाहरु**
**(कार्यविधिको दफा ३ सँग सम्बन्धित)**

(१) ताप्लेजुङ
(२) संखुवासभा
(३) सोलुखुम्बु
(४) दोलखा
(५) सिन्धुपाल्चोक
(६) रसुवा
(७) धादिङ
(८) गोरखा
(९) मनाङ
(१०) मुस्ताङ
(११) डोल्पा
(१२) मुगु
(१३) हुम्ला
(१४) बझाङ
(१५) दार्चुला

**अनुसुचि - २**

**आवेदनको ढाँचा**

**(कार्यविधिको दफा ४ सँग सम्बन्धित)**

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू/कार्यालय प्रमुखज्यू,

जिल्ला प्रशासन कार्यालय/अध्यागमन कार्यालय ................... ।

विषय: **अनुमतिपत्र पाउँ ।**

प्रस्तुत विषयमा तपशिलबमोजिमको विवरण भरी अनुमतिपत्र पाउँ भनी निवेदन पेश गरेको छु ।

Photo

नाम/थर:....... फोटो:

जन्म मिति (बि. सं.)...... Date of Birth (AD).......

स्थायी ठेगाना:........... लिङ्ग:.....

नागरिकता नं........ जारी गर्ने जिल्ला:............ जारी मिति:.........

बाबुको नाम:.............

पति/पत्नीको नाम:..........

सम्पर्क नं:...........

नागरिकताको प्रमाणपत्र अपलोड गर्नुहोस:

नाबालकको हकमा जन्मदर्ताको प्रमाणपत्र अपलोड गर्नुहोस:

सम्बन्धितगा.पा/न. पा/वडाको सिफारिसपत्र छ/छैन: छ☑ छैन☑

छ☑

सिफारिसपत्र अपलोड गर्नुहोस :

अन्य कागजात अपलोड गर्नुहोस:

☑ माथि पेश भएका विवरणहरुम निवेदक ............(नाम/थर) बाट स्वयं पेश भएको साँचो हो। झुट्टा ठहरे कानूनबमोजिम सहुँला/बुझाउँला।

## अनुसूची - ३
## अध्यागमन कार्यालयहरु
## (कार्यविधिको दफा ५ सँग सम्बन्धित)

क) अध्यागमन कार्यालय, तातोपानी, सिन्धुपाल्चोक

ख) अध्यागमन कार्यालय, टिमुरे, रसुवा

ग) अध्यागमन कार्यालय, हिल्सा, हुम्ला

अनुसूची ४
**(कार्यविधिको दफा ५ सँग सम्बन्धित)**
**अनुमति पत्रको ढाँचा**




<u>द्रष्टव्य</u>

(क) अनुमतिपत्र ८५.६ मि.मि. लम्बाई र ५३.९८ मि.मि. चौडाईको हुनेछ ।

(ख) अनुमतिपत्रको अग्रभागको दायाँतर्फ नेपालको निशान छाप र बायाँतर्फ नेपालको झण्डा रहनेछ । साथै अग्रपृष्ठकै बायाँ भागमा System Generated Photo र नेपालको नक्सा भएको होलोग्राम रहनेछ ।र पृष्ठभागमा System Generated QR code रहनेछ ।

(ग) अगाडिको भागको पृष्ठभूमीमा नेपालको निशान छाप र पछाडिको भागको पृष्ठभूमिमा सगरमाथाको तस्वीर वाटर मार्क (water mark) भएको सुरक्षण विशेषता सहितको अनुमतिपत्र प्रदान गरिनेछ ।

वा

(घ) यस्तो अनुमतिपत्र माथि (क) बुँदाको साइजमा सुरक्षण विशेषता (Security feature) नभएको सादा कार्डमा प्रणालीबाट छपाइ गरी प्रदान गरिनेछ ।

## अनुसूची- ५

(कार्यविधिको दफा ५ सँग सम्बन्धित)

## प्रतिलिपि लिने निवेदनको ढाँचा

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू/कार्यालय प्रमुखज्यू,

जिल्ला प्रशासन कार्यालय/अध्यागमन कार्यालय .................. ।

विषय: **अनुमतिपत्रको प्रतिलिपि पाउँ ।**

तहाँ कार्यालयबाट मिति ................ मा जारी अनुमतिपत्र हराएको/च्यातिएको/जलेको/केरमेट भएको/अन्य कारणले प्रयोग गर्न नमिल्ने भएकोले उक्त अनुमतिपत्रको प्रतिलिपि पाउँ भनी संलग्न कागजातहरु सहित यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु

(१) अनुमतिपत्रको प्रतिलिपि
(२) स्थायी बासस्थान रहेको वडा कार्यालयको सिफारिस पत्र

निवेदक

श्री ................................
अनुमतिपत्र नं. ..................
ठेगाना: ...............................
सम्पर्क नं.........................